नेपाल सरकार
ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय
# विद्युत विकास विभाग
अनुमतिपत्र महाशाखा
(........................................................)

फोन नं. ४४११०७४, ४४११५३७
४४११७६८, ४४१९५०१
४४४५७७५, ४४३४११९
४४३९३६२
फ्याक्स ४४४३९०३
पोष्ट बक्स नं. २५०७
सानोगौचरण
काठमाडौं, नेपाल

०७६/७७
पत्र संख्या :-
च.नं.:- ८८५

मितिः ...२०७६/०९/१३.......

विषयः- <u>अनुमतिपत्रको शर्त उल्लंघन बारे</u>

श्री सिक्लेस हाइड्रोपावर प्रा. लि.
लेखनाथ-७, पोखरा, नेपाल
शाखा कार्यालयः कुपन्डोल-१, ललितपुर
फोनः ०१-५०१२०२७, ०६१-४६५८०६, ०६१- ५२७८०७

प्रस्तुत विषयमा त्यस कम्पनीले मद्क्यु खोला जलविद्युत आयोजनाका लागि प्राप्त गरेको वि.वि.वि. ०७०/७१ वि.उ. ११६ को विद्युत उत्पादनको अनुमतिपत्रको शर्त नं. ७ को (ध)मा उल्लेखित शर्त विपरित त्यस संस्थाको स्वामित्वको शेयर संरचना परिवर्तन (विभागबाट पूर्व स्वीकृति लिनु पर्नेमा पूर्व स्वीकृति नलिई कम्पनीको शेयर स्वामित्व परिवर्तन) गरेकाले विद्युत ऐन, २०४९ को दफा ३८ को उपदफा (२) वमोजिम कसुर गरेको देखिएकाले सोहि ऐनको दफा ३८ वमोजिम तहाँलाई रु ५,००,०००/- (रु पांच लाख मात्र) जरिवाना गरिएको व्यहोरा उर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय (सचिवस्तर)को मिति २०७६/०९/०२को निर्णयानुसार अनुरोध छ ।

(सकृय न्यौपाने)
इन्जिनियर

बोधार्थः
श्रीमान महानिर्देशकज्यूको सचिवालयः प्रस्तुत पत्र विभागको websiteको penalized promoter tabमा राख्ने प्रबन्ध गर्नुहुन

# ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयका सचिव दिनेशकुमार घिमिरेबाट भएको
## निर्णय आदेश

अनुमतिपत्र जारी गर्ने निकाय - ऊर्जा जलस्रोत तथा सिंचाइ मन्त्रालय

विरुद्ध

वि.वि.वि. ०७०।७१ वि.उ.११६ को विद्युत उत्पादनको अनुमतिपत्र (मद्क्यूखोला जलविद्युत आयोजना)

अनुमतिपत्र प्राप्त गर्ने संस्था – सिक्लेस हाइड्रोपावर प्रा.लि.

**विषय – अनुमतिपत्रको शर्त उल्लंघन।**

यसमा, सिक्लेस हाइड्रोपावर प्रा.लि.ले मद्क्यूखोला जलविद्युत आयोजनाका लागि प्राप्त गरेको वि.वि.वि. ०७०।७१ वि.उ.११६ को विद्युत उत्पादनको अनुमतिपत्रको शर्त नं. ७ को (ध) मा उल्लेखित शर्त विपरित संस्थाको स्वामित्वको शेयर संरचना परिवर्तन गरेको सम्बन्धमा विद्युत विकास विभागबाट स्पष्टिकरण माग भएकोमा उक्त प्रा.लि. ले विद्युत उत्पादनको अनुमतिपत्रको शर्त नं. ७ को (ध) को सम्बन्धमा प्रा.लि.को बुझाइ आयोजना अवधिभर आयोजनाको Major Shareholders को कुल शेयर प्रतिशतको शेयर स्वामित्व संरचनामा परिवर्तन गर्नु परेमा स्वीकृति लिनु पर्ने तथा जानकारी गर्नु पर्ने बुझिएको हुँदा साविककै शेयर संरचना बमोजिम पुँजी वृद्धि गर्दै लगिएको तथा कम्पनी रजिष्ट्रार कार्यालयबाट समेत बोधार्थ पत्र मार्फत त्यस विभागलाई जानकारी गराउने हुँदा सो बारे जानकारी हुन्छ भन्ने बुझाई रहेको र सोही बमोजिम शेयर लागत बढाईएको भन्ने व्यहोराको स्पष्टिकरण मिति २०७६।५।६ मा पेश गरेको देखिन्छ। अत: सिक्लेस हाइड्रोपावर प्रा.लि. ले विद्युत उत्पादनको अनुमतिपत्रको शर्त नं. ७ को (ध) मा उल्लेखित शर्त बमोजिम स्वामित्व संरचना परिवर्तन गर्दा विद्युत विकास विभागको पूर्व स्वीकृती लिनु पर्नेमा पूर्व स्वीकृती नलिइ कम्पनीको शेयर स्वामित्व परिवर्तन गरी विद्युत ऐन,२०४९ को दफा ३८ को उपदफा (२) बमोजिम कसुर गरेको देखिएकोले ऐ. ऐनको दफा ३८ बमोजिम उक्त सिक्लेस हाइड्रोपावर प्रा.लि. लाई रु.५,००,०००।– (पाँच लाख रुपैया) जरिवाना गरिदिएको छु। अरु तपशिल बमोजिम गर्नु।

**तपशिल**

१. सिक्लेस हाइड्रोपावर प्रा.लि. बाट निर्णय बमोजिम जरिवाना असुल गर्न फायल विद्युत विकास विभागमा पठाउनु।

२. निर्णयको जानकारी सरोकारवालाले कानून बमोजिम माग गरेमा दिनु।

दिनेशकुमार घिमिरे

(सचिव)

इति सम्बत् २०७६ साल पुस २ गते रोज ४ शुभम् ---------------------------------------------------- ।